# महाकालीनगरपालिका राजपत्र

खण्डः- ०१ संख्याः-०७मितिः २०७५/०१/२६

**भाग-२**

महाकालीनगरपालिकाबाट प्रकाशित


## बाढीपीडित परिचय पत्र वितरण निर्देशिका २०७४,

**१. प्रस्तावना** :

नेपाल र भारतको सीमा नदीका रुपमा निरन्तर बहने महाकाली नदीमा २०७० साल असार २ र ३ गते आएको अकल्पनीय एवं विनासकारी बाढीबाट सयौं परिवार घरबार विहीन हुनुका साथै अरबौं रकम बराबरको धनमाल क्षति भएको चार बर्ष वितिसक्दा समेत राज्यका तर्फबाट पीडित परिवारहरुको पीडामा मलह्म लगाउने गरी राहत,क्षतिपूर्ति र पुनःस्थापनाका कार्यक्रम सञ्चालन हुन नसकिरहेको अवस्थालाई गम्भिरतापुर्वक मनन गरी महाकाली नगरपालिकाको प्रथम जननिर्वाचित नगर कार्यपालिकाको पहिलो बैठकले महाकाली बाढीबाट घर सम्पत्ति गुमाएका बाढी पीडित एवं २०७० साल पछि महाकाली नदी प्रणालीका सहायक खोलाहरुबाट बाढी पीडित भई आफ्नो ज्यान तथा धन सम्पत्ति गुमाएका परिवारहरुलाई नगरपालिकाको तर्फबाट सक्दो सहुलियत एवं सुविधा प्रदान गर्ने उद्देश्यले बाढीपीडित परिचय पत्र वितरण गर्ने निर्णय भएबमोजिम परिचयपत्र वितरण गर्ने कार्यलाई व्यवस्थित एवं बैज्ञानिक बनाउने उद्देश्यले यो बाढीपीडित परिचय पत्र बितरण निर्देशिका २०७४, नगर कार्यपालिकाबाट स्वीकृत गरि जारी गरिएको छ ।

**२. उद्देश्यः**

(क) बाढी पीडितहरुको पहिचान गर्ने र स्थानीय तहमा नै बाढी पीडितहरुको लगत राख्ने ।

(ख) नगरसभा एवं नगर कार्यपालिकाको निर्णय बमोजिम पीडित परिवारहरुलाई सुहुलियत एवं सुविधा सहज रुपमा प्रदान गर्ने,

(ग)पीडित परिवारहरुलाई लक्षित विविध योजना तथा कार्यक्रम सञ्चालन गरि बाढी पीडितलाई आर्थिक, सामाजिक रुपमा सबल सक्षम बनाउन प्रयत्न गर्ने,

**३. परिचय पत्र वितरणका आधारः**

२०७० सालको महाकाली नदीमा आएको बाढीबाट आफ्नो घर सम्पत्ति गुमाएका वा २०७० साल पछि महाकाली नदी प्रणालीका सहायक खोलाहरुबाट बाढीपीडित भई जिल्ला दैवी प्रकोप उद्धार समितिले बाढी पीडित भनि सुचीकृत एवं निर्णय गरेका महाकाली नगरपालिका क्षेत्र भित्र स्थायी बसोबास गर्ने लगायतका आधारमा यो बाढीपीडित परिचय पत्र वितरण गरिनेछ ।

**४. लक्षित वर्गः**

महाकाली नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने महाकाली बाडिपीडित र महाकाली नदी प्रणालीका सहायक खोलाहरुबाट बाढी पीडित भएका तथा जिल्ला दैवी प्रकोप उद्धार समितिबाट सूचीकृत एवं निर्णय भएका बाढी पीडितहरु यस निर्देशिका बमोजिम लक्षित बर्ग मानिने छन् ।

**५. बाढी पिडिताको बर्गिकरणः**

यस निर्देशिका बमोजिम बाढी पीडितहरुको बर्गिकरण देहाय अनुसार गरिएको छ ।

(क) परिवारको नाममा रहेको सम्पूर्ण सम्पत्ति बाढीबाट क्षति भई सुकुम्बासी भएको वा बाढीका क्रममा परिवारका सदस्य गुमाएको,

(ख) परिवारको नाममा रहेको सम्पत्ति मध्ये घर जग्गा बाढीबाट गुमाएको,

(ग) परिवारका नाममा रहेको जग्गा मात्र गुमाएको वा अस्थायी घरटहरा गुमाएको,

(घ) माल समानमात्र गुमाएको,

**६. सुविधा तथा सहुलियतः**

१. सेवा शुल्कमा छुट सम्बन्धमा,

क-"क"बर्ग नगरपालिकाबाट प्रदान हुने बिभिन्न सेवामा नगरपालिका कर तथा सेवाशुल्कमा ७५प्रतिशत छुट दिइनेछ,

ख-"ख" बर्ग नगरपालिकाबाट प्रदान हुने बिभिन्न सेवामा नगरपालिका कर तथा सेवा शुल्कमा ५०प्रतिशत छुट दिइनेछ,

ग- "ग" बर्ग नगरपालिकाबाट प्रदान हुने बिभिन्न सेवामा नगरपालिका कर तथा सेवा शुल्कमा २५प्रतिशत छुट दिइनेछ,

घ-"घ" बर्ग नगरपालिकाबाट प्रदान हुने बिभिन्न सेवामा नगरपालिका कर तथा सेवा शुल्कमा १५प्रतिशत छुट दिइनेछ,

**२. आरक्षण सम्बन्धमा,**

नगरपालिकाबाट संचालन हुने विभिन्न सिपमुलक तालिमहरु एवं स्वरोजगार सम्बन्धी कार्यक्रमहरुमा बाढीपिडिहरुका लागि १० प्रतिशत आरक्षणको व्यवस्था गरिनेछ । उक्त १० प्रतिशतलाई १०० प्रतिशत मानी "क" बर्गको बाडि पीडितलाई ५० प्रतिशत आरक्षण,"ख" बर्गको बाडि पीडितलाई २५ प्रतिशत आरक्षण,"ग" बर्गको बाडि पीडितलाई १५ प्रतिशत आरक्षण र "घ" बर्गको बाडि पीडितलाई १०प्रतिशत आरक्षणको व्यवस्था गरिनेछ । आरक्षण सम्बन्धी अन्य पद्धति तोकेबमोजिम हुनेछ ।

**७. परिचय पत्रको ढाँचा तथा आकारः**

बाढीपीडित परिचय पत्रको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ र यसको आकार नेपाली नागरकिताको प्रमाण पत्र साइजको हुनेछ ।

**८. परिचय पत्र वितरण प्रक्रियाः**

बाढी पीडित परिचय पत्र प्राप्त गर्न बाढी पीडित भनी सुचीकृत ब्यक्ति वा निजको तिन पुस्ता भित्रको कुनै सदस्यले नगर प्रमुख समक्ष तपसिलका कागजातहरु संलग्न राखी निवेदन दिनु पर्नेछ ।

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-१ थान,

२. जिल्ला प्रशासन कार्यालय दार्चुलाबाट बाढीपीडित प्रमाणित भएको सिफारिस,

३. सम्बन्धित वडा कार्यालयको स्थायी बासिन्दा भएको सिफारिस,

४. अटो साईजको फोटो २ प्रति,

५. जग्गाधनी प्रमाण पत्रको प्रतिलिप,(घर जग्गा बगेका पीडितहरुको हकमा मात्र)

६. नाता प्रमाणित प्रमाण पत्रको प्रतिलिपि,

## ९. सेवा सुविधा प्राप्त नहुनेः

(क) मदिरा तथा सुर्ती जन्य पदार्थको कारोबारमा सेवा सुविधा उपलव्ध नहुने,

(ख) नगरपालिकाले सेवा सुविधा प्रदान गर्न रोक लगाएका अन्य कारोबार तथा अवस्थामा सेवा सुविधा उपलव्ध नहुने,

**(१०) अवधि समाप्त हुनेः**

बाढी पीडित परिचय पत्रको अवधि परिचय पत्र प्राप्त गरेको मितिले ३ बर्षमा स्वतः समाप्त हुनेछ,

अनुसूची-१

# महाकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खलंगा,दार्चुला

७ नं. प्रर्देश, नेपाल

फोटो

**बाढीपीडित परिय- पत्र**

क्र.स. ............

नामः-...........................................

ठेगानाः-............................

बाढीबाट क्षति विवरणः-.............................

ना.प्र.प.नं. र जारी मितिः-...........................

बाढीबाट क्षति भएको मितिः-..........................

बर्गः-...........................

परिचय पत्र जारी गर्नेको

नाम, थरः-

पदः-

दस्तखतः-

घर परिवारको विवरणः

१. ..................

२. ..................

३. ..................

४. ..................

५. ..................

६. ..................

७. ..................

८. ..................

९. ......................

आज्ञाले,

खेम राज देवकोटा

प्रमुखप्रशासकीयअधिकृत